नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालय
# उद्योग विभाग
त्रिपुरेश्वर, काठमाडौं
नेपाल ।

## सूचना! सूचना!! सूचना!!!

नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८२ चैत्र १३ गतेको बैठकबाट स्वीकृत शासकीय सुधार सम्बन्धी एक सय कार्यसूचीहरूको बुँदा नं. ८५ मा बजारमा Maximum Retail Price (MRP) अनिवार्य कार्यान्वयन र सघन अनुगमन गर्ने भन्ने विषय उल्लेख भएको सन्दर्भमा उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा ६ र नेपाल सरकार, मन्त्रिपरिषद्को बैठकको निर्णय कार्यान्वयनको लागि उद्योगीले स्वदेशमा उत्पादन गरी नेपालमा बिक्री वितरण गरिने प्रत्येक वस्तुमा अधिकतम खुद्रा बिक्री मूल्य (एम. आर. पी.) सहितको लेबल लगाएर मात्र बिक्री वितरण गर्नु हुन सम्पूर्ण उद्योगीहरूलाई मिति २०८२।१२।३० गते सूचना मार्फत जानकारी गराइएको विदितै छ।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको मिति २०८३।०१।२५ को पत्रबाट **मिति २०८३ वैशाख २८ गते देखि जेठ ३ गतेसम्म मूल्य पारदर्शिता सप्ताह**को रूपमा उद्योग विभागले राष्ट्रिय औद्योगिक उत्पादनमा लेबल सहितको अधिकतम खुद्रा मूल्य (MRP) उल्लेख गरिएको सुनिश्चितता गर्ने भन्ने ब्यहोरा उल्लेख भई आएकोले उक्त निर्णय कार्यान्वयनका लागि आफ्नो औद्योगिक उत्पादनमा अधिकतम खुद्रा मूल्य (MRP) सहितको लेबल लगाएर मात्र विक्री वितरण गर्नु गराउनु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

मितिः २०८३।०१।२९
ने.सं. ११४६ वछलागा

०८३।१।२९
शाखा अधिकृत

एक्सचेन्जः ४२६११०१, ४२६१२०३, ४२६११६८, ४२६११६९, फ्याक्सः ९७७-१-४२६१११२, इमेलः info@doind.gov.np, वेबसाइटः http://www.doind.gov.np